STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १८ गते आइतबार ❑ 1 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## प्रचण्डलाई पोखरेलको चुनौती- हिम्मत छ भने कांग्रेस प्रवेश गर्नुस्

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) लाई कांग्रेस प्रवेश गर्न चुनौती दिनुभएको छ।

माओवादी केन्द्रले स्थानीय चुनावको घोषणा पत्र ल्याउन नसकेको भन्दै पोखरेलले उक्त चुनौती दिनुभएको हो । ' माओवादी घोषणा पत्र जारी गर्न सक्दैन, पुष्पकमल दाहाल जी, हिम्मत छ भने कांग्रेस प्रवेश गर्नुस्,' उनले भने, 'राष्ट्रिय राजनीति अलमल्याउने काम नगर्नुस् ।'

वैशाख ३० मा हुने स्थानीय निर्वाचन सामान्य निर्वाचन नभएर लडाइँ भएको पोखरेलले बताए। उक्त लडाइँ एमालेलाई जित्नैपर्ने अवस्था रहेको पोखरेलको भनाई छ । 'यो निर्वाचन सामान्य निर्वाचन होइन । यो लडाइँ हो,' उनले भने, 'यो लडाइँको नेतृत्व एकातिर केपी ओली र अर्कोतिर गठबन्धनकारी शक्ति खडा भएका छन् । यो लडाइँ एमालेले जित्नुपर्छ ।' एमालेले मुलुकमा राजनीतिक स्थायित्व, आर्थिक विकास र समृद्धिको वकालत गर्ने भएकाले चुनाव जित्नुपर्ने उनको धारणा छ । एमालेका उम्मेदवारका विषयमा समिक्षा हुन सक्ने भन्दै उनले निर्वाचन सकिएपछि छलफल हुन सक्ने बताए । एमालेले पोखरा महानगर स्तरीय घोषणा पत्र सार्वजनिक कार्यक्रममा बोल्दै पोखरेलले घोषणा पत्र अक्षरंश पालना हुने दाबी गरे।



उपमहासचिव पृथ्वीसुब्बा गुरुङले गठबन्धन अहिलेको लडाइँ सत्ता गठबन्धनको विरुद्धमा रहेको उल्लेख गर्दै गठबन्धनको सरकार बनेपछि देशमा वेथिति मैलाउँदै गएको आरोप लगाए । गुरुङले विगतका मनमुटाव बिर्सेर एकतावद्ध भएर लाग्न आग्रह गरे। उनले पोखरा महानगरका ३३ वटै वडामा एमालेले झण्डा फहराउने समेत दावी गरे। कार्यक्रममा बोल्दै मेयरका उम्मेदवार कृष्ण थापाले पोखरालाई अन्तर्राष्ट्रिय सहरको रुपमा विकास गर्ने बताए। थापाले आफूले २० देखि २५ हजारको मतान्तरले चुनाव जित्ने दाबी गर्दै विजयी भए पश्चात प्राप्त हुने सबै सेवा सुविधा नागरिकका लागि खर्च गर्ने प्रतिबद्धता जनाए। उनले अब चुनाव नलडने बताउँदै यो नै आफ्नो अन्तिम चुनाव भएको उल्लेख गरे । उपमेयरका उम्मेदबार मञ्जुदेवी गुरुङले ५ बर्ष सम्म नागरिकप्रति कटिबद्ध रहेर आफूले गरेको कार्य सम्पादनको मुल्यांकन गरी पार्टीले पुनः जिम्मेबारी दिएकाले बाँकी रहेका कामहरुलाई पूरा गर्ने बताइन् ।

५ बर्षको अवधिमा महानगरमा शिक्षा, स्वास्थ र सामाजिक क्षेत्रमा उल्लेखनीय काम भएको पनि उनले सुनाइन् । पार्टीको घोषणापत्रलाई अक्षरस पालना गर्ने समेत गुरुङले प्रतिवद्धता व्यक्त गरिन् ।

एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङलगायतका नेताहरुको उपस्थितिमा पोखराका मेयरको उम्मेदवार कृष्ण थापा नेतृत्वको टिमको घोषणापत्र सार्वजनिक गरिएको हो । सो अवसरमा महानगरका ३३ वटै वडाका जनप्रतिनिधिहरुको परिचय गराइएको थियो ।

## नवौँ राष्ट्रिय खेलकुदका लागि खेलाडी छनोटको तयारी सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

गण्डकी प्रदेशमा आगामी जेठ अन्तिम साता तय भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु भएको छ।

आयोजक प्रदेश गण्डकीले प्रतियोगिताका लागि आवश्यक तयारी सुरु गरिएको जनाएको छ । प्रतियोगिताको मिति नजिकिएसँगै गण्डकी प्रदेश खेलकुद परिषद्ले ११ वटै जिल्लामा खेलाडी छनोट सुरु गर्न जिल्ला खेलकुद समितिलाई निर्देशन दिएको छ। प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले पहिलो चरणमा जिल्ला छनोटको तयारी सुरु गर्न जिल्ला खेलकुदलाई सूचना पठाइएको बताउनुभयो । उहाँका अनुसार जिल्ला छनोट सम्पन्न भएपछि प्रदेशको टोली तयार गरिनेछ। जिल्लाबाट छनोट भएर खेलाडीको नामावली आइसकेपछि प्रदेशस्तरीय छनोट खेल सञ्चालन हुने र छनोट भएकाका लागि बन्द प्रशिक्षण सुरु गरिने परिषद्ले जनाएको छ । उहाँले भन्नुभयो, "हामीले प्रदेशका ११ वटै जिल्लाका खेलकुद समितिलाई खेलाडी छनोट गर्न सूचना गरिसकेका छौं, जिल्ला हुँदै प्रदेश छनोट भएर आयोजक प्रदेशको टोली तयार पारिनेछ।"

राष्ट्रिय खेलकुद गण्डकी प्रदेशको गौरवको कार्यक्रम र खेलाडीको लागि महाकुम्भ रहेकाले यसलाई भव्यरुपमा सम्पन्न गर्न छोटो समयमा धेरै काम गर्नुपर्ने अवस्था रहेको गुरुङले बताउनुभयो। नवौँ राष्ट्रिय प्रतियोगितामा ३६ खेल हुने राष्ट्रिय खेलकुद परिषद्ले यसअघि नै निर्णय गरिसकेको छ । यसपटक केही प्रदर्शनीका रुपमा खेल समावेश गरिने भएको छ । अघिल्लो वर्ष हुनुपर्ने प्रतियोगिता कोरोनाका कारण स्थगित भएपछि सरकारले जेठ अन्तिम साता गर्ने गरी तयारी अघि बढाएको हो । प्रतियोगिताका अधिकांश खेल पोखरामा सञ्चालन हुने भए पनि प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गरिने पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले जनाएको छ।

सबै जिल्लामा कम्तीमा एउटा खेल सञ्चालन गर्ने गरी राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा प्रस्ताव पठाइएको र राखेको प्राविधिक समितिले अनुगमन गरिसकेकाले पूर्वाधारको अवस्थालाई मध्यनजर गरी केही दिनमै खेलस्थल टुङ्गो लाग्ने समितिका कार्यालयका प्रमुख लक्ष्मण योगीले बताउनुभयो । राष्ट्रिय खेलकुदमा समावेश हुने ३६ खेलमध्ये स्वीमिङ र सुटिङको पूर्वाधार गण्डकी प्रदेशमा नभएकाले अन्यत्र लैजानुपर्ने हुनसक्ने राखेपले जनाएको छ।

## सभापति देउवाद्वारा 'देशव्यापी कार्यक्रम समन्वय उपसमिति' गठन

**रासस**
**काठमाडौं, १७ बैशाख**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका उपसभापति धनराज गुरुङको संयोजकत्वमा 'देशव्यापी कार्यक्रम समन्वय उपसमिति' गठन गर्नुभएको छ।

सभापति देउवाले कांग्रेस स्थानीय तह निर्वाचन परिचालन समितिको यही वैशाख २ गतेको निर्णयानुसार शनिबार सो उपसमिति गठन गर्नुभएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

उपसमितिको सदस्यमा सहमहामन्त्रीद्वय महेन्द्र यादव र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान

**रासस**
**काठमाडौं, १७ बैशाख**

यही ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मनोनयनपत्र दर्ता गराएका उम्मेदवारलाई शनिबार निर्वाचन आयोगले निर्वाचन चिह्न प्रदान गरेको छ।

निर्वाचन कार्यतालिका अनुसार यही वैशाख ११ र १२ गते भएको मनोनयनपत्र दर्तामाथि जाँचबुझ, फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशनको प्रक्रिया पूरा भएपछि आज निर्वाचन चिह्न प्रदान गरिएको हो। राष्ट्रिय मान्यताप्राप्त छ वटा, जिल्लागतरूपमा मान्यताप्राप्त विभिन्न दल र स्वतन्त्रतर्फका उम्मेदवारलाई सम्बन्धित पालिकाका निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन चिह्न प्रदान गरेको हो । आयोगको सूचना प्रणालीमा उम्मेदवारहरूको अन्तिम सूची र निर्वाचन चिह्न प्रदानको अवस्थाबारे विवरण प्रविष्टि भइरहेको छ । छ वटा महानगर र भक्तपुरको मतपत्र छाप्न बाँकी रहेकाले तीभन्दा अन्य पालिकाका लागि छपाइ भएका मतपत्रको विवरण निर्वाचन आयोगको वेबसाइटमा समावेश गरिएको छ।

राष्ट्रिय मान्यताप्राप्ततर्फ नेकपा (एमाले)लाई 'सूर्य', नेपाली कांग्रेसलाई 'रुख', नेकपा (माओवादी केन्द्र)लाई गोलाकारभित्रको 'हसिया हथौडा', जनता समाजवादी पार्टीको 'छाता', लोकतान्त्रिक समाजवादी पार्टीलाई 'साइकल', र नेकपा (एकीकृत समाजवादी) लाई 'कलम' चिह्न दिइएको छ । निर्वाचन आयोगमा दर्ता एका ७९ वटा दलमध्ये ६६ वटा दलले उम्मेदवारी दिएका थिए । आयोगले स्थानीय तह निर्वाचनका लागि दल दर्ताका लागि गत फागुन ५ गते सूचना जारी गरेको थियो । आयोगको गत चैत १३ गतेको बैठकले देशभरका ७५३ स्थानीय तहको यही वैशाख ३० गते शुक्रबार हुने निर्वाचनमा चुनाव चिह्न निर्धारण गरी मतपत्रमा समावेश गरेको थियो। आयोगले विसं २०७४ को प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत संख्याका आधारमा छवटा राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलको निर्वाचन चिह्न निर्धारण गरिएको हो । विसं २०७४ को प्रतिनिधिसभा समानुपातिक निर्वाचन प्रणालीमा भाग लिएका र स्थानीय तहको निर्वाचनमा भाग लिन आयोगमा दर्ता भई राष्ट्रिय दलको मान्यताप्राप्त नगरेका तर जिल्लामा रही क्रियाशील रहेका सम्बन्धित दललाई आयोगबाट प्रदान गरिसकेका निर्वाचन चिह्न नै प्रदान गरी स्थानीय तह निर्वाचनका लागि तत्तत् जिल्लाका मतपत्रमा समावेश गर्ने निर्णय आयोगबाट भएको थियो।

प्रमाणित जिल्लागत विवरण समावेश नभएका तर स्थानीय तह निर्वाचनका लागि दर्ता भएका राजनीतिक दलको तर्फबाट खडा हुने उम्मेदवार एवं स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको स्वतन्त्र चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गर्ने र स्वतन्त्र चिह्नको समूहमा समावेश गर्ने आयोगको निर्णय थियो । स्थानीय तह निर्वाचनमा कूल ७९ दल भाग लिन योग्य रहेकामध्ये छवटा राष्ट्रिय मान्यताप्राप्त दल, २३ वटा अघिल्लो निर्वाचनमा भाग लिएका राजनीतिक दल छन् । त्यस्तै ४० वटा राजनीतिक दलले यसपटकको निर्वाचनमा भाग लिन दर्ता भएका थिए।

दर्ता भएकामध्ये वैज्ञानिक समाजवादी पार्टी, समाजवादी लोकतान्त्रिक पार्टी, विमूल नेपाल, माओवादी जनमुक्ति पार्टी नेपाल, मितेरी पार्टी नेपाल, राष्ट्रिय समाजवादी पार्टी, नेपाल नौलो जनवादी पार्टी, समावेशी लोकतान्त्रिक पार्टी, सङ्घीय खम्बुवान लोकतान्त्रिक पार्टी, नेपाल आमा पार्टी, लोकदल, नेपालवाद र राष्ट्रिय विकास पार्टीले कुनै पनि पदमा उम्मेदवारी दिएका छैनन्।

वि.सं. २०३९ देखि शिक्षा क्षेत्रमा उत्कृष्ट नतिजा सहित आफ्नो छुट्टै पहिचान बनाउन सफल



लिटिल स्टेप माध्यमिक विद्यालय
सिमलचौर, पोखरा-८ । फोन नं. ०६१-५२५०१३, ५३११६५, ५५०७९६
नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !
हाम्रा विशेषता:
» सुविधासम्पन्न विज्ञान र कम्प्युटर ल्याब तथा पुस्तकालय र इन्टरनेटको सुविधा ।
» यातायातको लागि बसको सुविधा।
» शान्त शैक्षिक वातावरण तथा विभिन्न खेलका लागि पर्याप्त खेलमैदान सहित अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर अडिटोरियम हल ।
» मन्टेश्वरी विधिद्वारा अध्यापन साथसाथै छात्रवृत्तिको व्यवस्था ।
» छात्र तथा छात्राको लागि छुट्टा छुट्टै व्यवस्थित छात्रावास ।
भर्ना प्रक्रिया:
» प्लेग्रुप, नर्सरी तथा केजी कक्षामा भर्ना चलीरहेको छ भने कक्षा १ देखि ९ सम्मका लागि भर्ना फारम वितरण भइरहेको छ ।
» प्रवेश परीक्षा (कक्षा १ देखि ९): बैशाख २३ गते, समय: ११ बजे
» नयाँ शैक्षिक सत्र जेष्ठ ५ गतेबाट आरम्भ हुनेछ ।

## मजदुरको आर्थिक हैसियत उकास्न सके लोकतन्त्र सफल : मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मजदुर वर्गको आर्थिक हैसियत माथि उकास्न सके मात्र लोकतन्त्रको उपादेयता सार्थक हुने बताएका छन्।

अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले भनेका छन्, 'रातदिन श्रम गरेर जिविकोपार्जन गर्ने श्रमजीवहरुको हक, अधिकार र स्वतन्त्रतालाई स्थापित गर्दै सबै वर्गका मजदुर हरुलाई एकताको सूत्रमा बाँध्न यस दिवसले सहयोग गर्ने विश्वास मैले लिएको छु।'

विसं २००७ को ऐतिहासिक जनक्रान्तिको जग नै विराटनगर मजदुर आन्दोलन रहेको भन्दै उनले नेपाली कांग्रेसको जन-निर्वाचित सरकारले विसं २०१६ मा कारखाना र मजदूरसम्बन्धी कानुन तर्जुमा गरेर, मजदुरहरुलाई कानुनसम्मत् अधिकार प्रदान गरेको सन्दर्भ स्मरण गरेका छन्। नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपंक्ति
ग्मा जुध्ने श्रमिक वर्गको उच्च योगदानको सम्मान गर्दै मुलुकमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संवैधानिक प्रावधानले मूर्तरुप लिन सकेमात्र यो वर्ग लाभान्वित हुने उनले शुभकामना सन्देशमा उल्लेख गरेका छन् । उनले भनेका छन्, 'शासन व्यवस्था संस्थागत हुने क्रममा नेपाली श्रम क्षेत्रमा अझै पनि अनेकन समस्या छन्। उनीहरुको हक, हित सुरक्षाका लागि प्रदेश सरकार सदा प्रतिबद्ध छ। म यस अवसरमा पुन सम्पूर्ण मजदुर वर्गमा शुभकामना व्यक्त गर्दछु।'

# निर्वाचन निष्पक्ष बनाउन पत्रकारको भूमिका महत्वपूर्ण: अध्यक्ष पोखरेल

**पोखरापत्र संवाददाता**
**दमौली, १७ बैशाख**

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले स्थानीय तह निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पत्रकारको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले आज यहाँ आयोजना गरेको आचारसंहिता पालना विषयक अन्तरक्रियामा बोल्दै उहाँले निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गराउन सबै पत्रकारले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष पोखरेलले लोकतन्त्रलाई सही ढङ्गबाट अगाडि बढाउन निर्वाचन आवश्यक रहेको भन्दै निर्वाचनबाट सक्षम नेतृत्व चयनका लागि पत्रकारले आवाज बुलन्द गर्नुपर्ने बताउनुभयो । पत्रकारले सधैँ तटस्थ भूमिका प्रदर्शन गर्नुपर्ने र निर्वाचनका बेला अझ त्यसको महत्व रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "पत्रकारले कुनै पार्टीको प्रचारप्रसार गर्न हुँदैन, पत्रकारमाथि कसैले पनि औँला ठड्याउने अवस्था आउन नदिन सजग हुनुपर्छ । तटस्थ भूमिका प्रदर्शन गर्नेतर्फ सचेत हुनुपर्छ ।"

अध्यक्ष पोखरेलले नेपाली पत्रकारिता क्षेत्र तटस्थ छ भनेर स्थापित गर्न जरुरी रहेको बताउँदै आचारसंहिता पूर्ण रुपमा पालना गर्नुपर्नेमा जोड दिनुभयो । "पत्रकारको आफ्नै पनि आचारसंहिता छ, आचारसंहिता पालनाले पत्रकारलाई चरित्रवान बनाउँछ", उहाँले भन्नुभयो । निर्वाचनका बेला सरकार र निर्वाचन आयोगको भूमिका, राजनीतिक दल र उम्मेदवारको एजेण्डा, मतदाताको सुरक्षा लगायतका विषयलाई पत्रकारले सुक्ष्म रुपमा अध्ययन गर्नुपर्नेमा उहाँको जोड थियो । मतदातालाई भयरहित हिसाबले मतदान गर्न पाउने अवस्था सिर्जना गर्न पत्रकारले कलम चलाउनुपर्ने उहाँको भनाइ छ। मुख्य निर्वाचन अधिकृत हरिशचन्द्र ढुङ्गानाले स्वतन्त्र र भयरहित निर्वाचनको प्राणवायु आचारसंहिता भएको उल्लेख गर्नुभयो । आचारसंहिता पालनामा अझै पनि सरोकारवाला गम्भीर हुन नसकेको भन्दै उहाँले सबैले आचारसंहिता पालना गर्नुपर्ने बताउनुभयो । पत्रकार एउटा पक्षको मात्र नभई सबै पक्षको हुनुपर्नेमा उहाँले जोड दिनुभयो । निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन आफूहरु प्रतिबद्ध रहेको उहाँको भनाइ छ । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले पत्रकारले यथार्थपरक समाचार सम्प्रेषण गर्नुपर्ने उल्लेख गर्दै निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गराउन पत्रकारको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरि ढकालले सूचना प्रवाह गर्ने काममा प्रतिबद्ध रहेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य प्रदीप काफ्ले, जिल्ला अध्यक्ष उज्ज्वल पौडेललगायतले पत्रकार आचारसंहिताका विषयमा धारणा राख्नुभयो ।

# गुप्तेश्वर फुड फेस्टिबल सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

पोखरा १७, छोरेपाटन स्थित गुप्तेश्वर बहुमुखी क्याम्पसमा आयोजित प्रथम फुड फेस्टिबल सम्पन्न भएको छ ।

गण्डकी स्तरकै सामुदायिक स्तरबाट सञ्चालीत पहिलो होटल व्यवस्थापन बिषयमा अध्ययन हुने उक्त क्याम्पस तथा होटल व्यवस्थापन कार्यक्रमका विद्यार्थीहरुको व्यवस्थापनमा दुई दिन चलेको फेष्टिवल शनिबार समापन भएको हो ।

यसैबिच, गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले उक्त क्यापस तथा फेष्टिवलको अवलोकन गर्नु भएको छ । क्याम्पसमा राखिएका विभिन्न ५ वटा स्टलका खानाका परिकारको मन्त्री बरालले अवालोकन गर्नु भएको क्याम्पसका सहायक क्याम्पस प्रमुख मोहन भण्डारीले बताउनु भयो । क्याम्पस प्रमुख धर्मराज बराल, होटल व्याबस्थापनका इन्चार्ज आसिस पौडेल, होटल व्याबस्थापनका सहजकर्ता जितेन्द्र थापाले क्याम्पसको बारेमा तथा होटल व्याबस्थापनका बारेमा मन्त्री बराल समक्ष जानकारी गराउनु भएको थियो । उक्त फेष्टिवलमा स्वदेशी तथा विदेशी विभिन्न खानाका परिकारहरु, नृत्य प्रस्तुति, विविध मनोरञ्जनात्मक खेलकुद कार्यक्रम, साहित्यिक कार्यक्रम, साथमा विविध प्रस्तुतिहरु रहेको क्याम्पसका प्रशासन प्रमुख ऋषिराम बरालले बताउनु भयो । होटल व्याबस्थापनमा करिब १ सय ५० जना बिद्यार्थीहरु अध्ययनरत रहेको क्याम्पसले जनाएको छ । यसैबिच, सांसद बिद्या भट्टराईले समेत क्याम्पस तथा क्याम्पसमा आयोजित फेष्टिवलको अवलोकन गर्नु भएको थियो ।

# प्रतिस्पर्धी उम्मेदवारका आमाहरुको मुख हेर्दै कांग्रेस पोखरा १२ का उम्मेदवार

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**



शनिबार आमा औंसी । आमाको मुख हेर्ने दिन। यो पवित्र दिनमा संसारभरका नेपालीहरुले आआफ्ना आमाहरुको मुख हेरेका छन् ।

आमा नभएकाहरुले सम्झिएका छन् । पोखरा महानगरपालिकाको वडा नम्बर १२ मा वडाध्यक्षका उम्मेदवार सन्तोष बास्तोलाले फरक तरिकाले आमा औंसी मनाएका छन् । नेपाली कांग्रेसका उम्मेदवार बास्तोलाले शनिबार आफ्नी आमाको मात्रै मुख हेरेनन्, उनी आफूसँगै चुनावी प्रतिस्पर्धामा रहेका उम्मेदवारकी आमाहरुको मुख पनि हेरेका छन् । उनीहरुको आशीर्वाद पनि लिएका छन् ।

पोखरा १२ मा एमालेबाट वडाध्यक्षका उम्मेदवार देशभक्त केसी छन् । राप्रपाका उम्मेदवार अमृत आचार्य छन् । कांग्रेस उम्मेदवार बास्तोलाले केसी र आचार्यको घरमै पुगेर उनीहरु दुवैका आमाहरुको मुख हेरी आशीर्वाद लिएका हुन् । चुनाव लोकतान्त्रिक प्रक्रिया भएको हुँदा यसमा भाग लिएर सबैले लोकतन्त्रलाई बलियो बनाउन भूमिका खेलेको हुँदा अरु उम्मेदवारहरुसँग आफ्नो स्वच्छ प्रतिस्पर्धा हुने बास्तोलाले बताए। 'त्यसैले पनि हामी सबैका आमाहरु मेरा पनि आमाहरु हुनुहुन्छ,' बास्तोलाले भने, ' त्यसैले पनि सबै आमाहरुहरुको मुख हेरेर आशीर्वाद लिएको हुँ ।' बास्तोलाले आफूले चुनाव जितेमा वडाभरिका सबै आमाहरुको मुद्दा सम्बोधनलाई प्राथमिकतामा राख्ने पनि जानकारी गराए ।

# हालसम्म ४९ जिल्लामा मतपत्र ढुवानी

**रासस**
**काठमाडौं, १७ बैशाख**

स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि हालसम्म ४९ जिल्लाका लागि ९१ लाख ११ हजार मतपत्र ढुवानी गरिएको छ ।

कर्णाली र सुदूरपश्चिमका सबै जिल्ला, प्रदेश नं १ का मोरङबाहेक सबै जिल्ला र गण्डकीको पोखरा महानगरबाहेक सबै स्थान, बागमती प्रदेशका पाँच जिल्लामा मतपत्र पुगिसकेको छ । वैशाख १८ गते लुम्बिनी प्रदेशका १२ जिल्लामा मतपत्र पठाइने निर्वाचन आयोगका मुद्रण अधिकृत बाबुराम कोइरालाले जानकारी दिनुभयो ।

काठमाडौँबाट लामो दूरीमा रहेका पूर्व र पश्चिमका अधिकांश जिल्लामा मतपत्र पुगिसकेको छ भने अन्य जिल्लामा पुग्नेक्रम जारी रहेको छ । मनाङ र मुस्ताङ जिल्लामा हेलिकप्टरबाट मतपत्र ढुवानी गरिएको छ ।

निर्वाचन आयोगले यही वैशाख १३ गतेदेखि मतपत्र ढुवानी सुरु गरेको थियो । हालसम्म छवटा महानगर र भक्तपुर जिल्लाबाहेक ७६ जिल्लाका लागि एक करोड ८० लाख ४५ हजार मतपत्र छपाइ भइसकेको छ ।

# सभापति...

जीवन परियार, केन्द्रीय सदस्य नानु बाँस्तोला र सदस्यसचिवमा केन्द्रीय कार्यालयका सचिव डा प्रदीप पराजुली रहनुभएको छ । उपसमितिले देशभरका पालिका एवं विभिन्न स्थानमा आयोजना गरिने सभाहरूको आवश्यक समन्वय, केन्द्रीय वक्ताहरूको चयन एवं परिचालन गर्ने पार्टी कार्यालयले जनाएको छ ।

यसै गरी नेपाली कांग्रेसले भ्रातृ सङ्घ समन्वय एवं परिचालन उपसमितिको सदस्य थप गरेको छ । कांग्रेसले वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनलाई लक्ष्य गरेर पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज आचार्यको संयोजकत्वमा रहेको भातृ सङ्घ समन्वय एवं परिचालन उपसमितिमा सदस्य थप गरेको हो ।

उक्त समितिको सदस्यमा प्रकाश पन्त तनहुँ, धना खतिवडा ललितपुर, गोमा केसी ओखलढुङ्गा, डा प्रेमध्वज लामा सिन्धुपाल्चोक, मणि उप्रेती झापा, उत्तम चापागाईं भोजपुर, रेशम गुरुङ गोरखा, जगत बराम गोरखा, गणेश तिमिल्सिना चितवन, कुशुम थापा रुकुमपूर्व, मेघराज टण्डन कपिलवस्तु, भोजराज श्रेष्ठ सिन्धुपाल्चोक, निर्मला (निरु) खड्का ललितपुर, मोहम्मद जब्बारद्दिन मियाँ तनहुँ रहनुभएको छ । यस्तै सिर्जना मल्ल पर्वत, अनिलकृष्ण प्रसाईं झापा, परोपकार अधिकारी काठमाडौँ, विपीन रामदम चितवन, प्रमोदहरी गुरागाईँ काठमाडौँ, मधुकर खनाल काभ्रेपलाञ्चोक, वजरङ्ग नेपाली महोत्तरी, लाओस राई नुवाकोट, युवराज पाण्डे स्याङ्जा, सञ्जीव यादव धनुषा, दीपक भण्डारी बर्दिया, क्षितिज भण्डारी कैलाली, सन्तोष कट्टेल सोलुखुम्बु, पुनम लामा काठमाडौँ, सोपानसिंह बोहरा डोटी र हरिहर परियार कञ्चनपुर हुनुहुन्छ ।

यसअघि पार्टीका उपसभापति एवं स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समितिका संयोजक पूर्णबहादुर खड्काले केन्द्रीय सदस्य पाण्डेको संयोजकत्वमा भातृ सङ्घ समन्वय एवं परिचालन उपसमिति गठन गर्नुभएको थियो ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


# सुखी वडाका लागि नेतृत्व अब एमालेलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

नेकपा एमाले वडा नं. ४ ले घरदैलो तथा मतदाता भेटघाट कार्यक्रमको थालनी गरेको छ।

पाँचै जना उम्मेद्वारसहित कार्यकर्ताको टोलीले गणेश मन्दिरमा आशिर्वाद थापी घरदैलो कार्यक्रम शुभारम्भ गरेको हो । उम्मेद्वारहरुले गणेश टोल, सिद्धार्थ चोक, रामकृष्ण टोल, स्काउट भवन लगायतका ठाउँहरुमा घरदैलो तथा भेटघाट कार्यक्रमको थालनी गरेको हो ।

घरदैलो कार्यक्रममा बोल्दै वडा नं. ४ का वडा अध्यक्ष पदका उम्मेदवार मदन कुमार मुल्मीले नेकपा एमालेले अघि सारेको "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने सिद्धान्तलाई आत्मसात गर्दै समृद्ध पोखरा वडा नम्वर ४, सुखी वडाबासी भन्ने मूलमन्त्रका साथ काम गर्ने बताए। साथै, उनले युवा जोश, अग्रजको सल्लाह अनुसार र वडा नम्बर ४ बासीको आवश्यकता र मागलाई सम्बोधन गरेर अगाडि बढ्ने आफ्नो प्रतिबद्धता रहेको उल्लेख गर्दै सामाजिक आर्थिक रुपान्तरण गर्नको लागि, सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षामा सुधार ल्याउनको लागि, वडाको फोहोरमैलाको उचित व्यवस्थापन गर्नको लागि, स्वच्छ खानेपानी, सफा बस्ती र राम्रो रहनसहनको लागि, निरोगी वडा स्वस्थ वडाबासी बनाउनको लागि, मौलिक कला र संस्कृतिको संरक्षण गरी पर्यटनमा वृद्धि गर्नको लागि, संस्थागत सुदृढीकरण र संस्थागत विकास गर्नको लागि आफ्नो टीमलाइ वडाबासीले मतदान गर्नेमा विश्वस्त रहेको सुनाए ।

उक्त घर दैलो कार्यक्रममा सदस्य पदका उम्मेद्वारहरु सीमा कोइराला, अब्दुल हमिद, लक्ष्मी देवी पराजुली र कमला सिके लगायतले आसन्न निर्वाचनमा सूर्य चिन्हमा मतदान गरी नेकपा एमालेलाई जिताउन घरदैलो कार्यक्रमको थालनी गरिएको र आफ्नो वडावासीको दुःख पीडालाई बुझेर सबैको भावनालाई समेटेर अगाडि बढ्ने पनि प्रतिबद्धता व्यक्त गरे ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यही शैक्षिक सत्रबाट अत्याधुनिक प्रविधि नेपालमै पहिलो पटक Smart Board र आधुनिक Smart Bus को प्रयोग गरी पढाइने यस Happy Borading School मा Nursery देखि कक्षा नौसम्म सिमित सिटमा भर्ना खुयो ।

**हाम्रा बिशेषताहरू**:

- विद्यार्थीहरुलाई पनि Air Condition को व्यवस्था भएको ।
- अत्याधुनिक सुविधायुक्त फर्निचर तथा कक्षा कोठाको व्यवस्था ।
- आफ्नो घर जग्गामा अवस्थित भई प्रयाप्त खेल मैदान भएको ।
- सुरक्षा तथा अनुशासनको लागि स्कुल परिसरमा २४ सै घण्टा CC Camera को व्यवस्था गरिएको ।
- सूचना प्रवाहको लागि प्रत्येक कक्षामा Loud Speaker को व्यवस्था ।
- Multimedia द्वारा अध्यापन गराइने ।






**Happy Boarding School**
**शिव मार्ग, मासबार पोखरा- ७ Contact : 061-462156, 466214**

For more details: **www.happyboarding.edu.np**
NB: The admission form can be obtained from school office or can be sent through website.

## VACANCY ANNOUNCEMENT

**Happy Boarding School Shiva Marga, Masbar Pokhara -7 Tel. 061-462156, 466214**
**Happy Boarding School** invites applications from the dynamic,energetic and dedicated candidates to join our vibrant team of true academic professionals for the following positions :

| Position | Subject | No. | Qualifications |
|---|---|---|---|
| Secondary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at secondary level, masters preferred. |
| Primary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | English / Social | 1 | Bachelor in English with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | Mathematics | 1 | Bachelor in Mathematics with at least 2 year of teaching experience at primary level. |
| Basic Level Teacher | Computer | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Secondary Level Teacher | H. P. E | 1 | Bachelor in English with at least 2 year of teaching experience at secondary level. |
| Dance | Dance/ Art/Games | 1 | Prefacing in related field. |
| Bus Helper | | 1 | Interested |

- Interested candidates are requested to submit their resume,the applicationalong with experience certificate to the school reception by 19th Baisakh, 2079.
- Admission open from Nursery to Grade 9.
- A School with planty of facilities, such as smart buses well furnished class rooms using Smart Boards which are quite unique attempts first time in Nepal .

**Hurry up ! Seats are limited. Confirm the seats before heard.**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# श्रमिक दिवसको शुभकामना

विश्वभरका मजदुरहरुले गरेको सर्घषको इतिहासलाई सम्झेर मे दिवस मनाइएको छ। एक सय बत्तीस बर्ष पहिला मे १ तारिकका दिन संसार निर्माण गर्ने श्रमिक वर्गले संघर्ष, एकता र वीरताको प्रदर्शन गरेका थिए। आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका माग सहित अमेरिकाको शिकागो शहरमा मजदुरहरुले वलिदानी संघर्ष गरेका थिए। त्यही संघर्षले सफलता हासिल गरेका हुँदा मे १ लाई अन्तर र्ष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउन थालिएको हो। मे १ मा संसारभरका मजदुरहरुले आफ्ना अधिकार प्राप्तिको लडाइको स्मरण गर्दै आएका छन्। मजदुरले त्यो अधिकार प्राप्त गर्न थुप्रै मजदुरहरुले आफ्नो रगत पसिना बगाएका छन्। त्याग र बलिदानकै प्रतिफल अहिलेको अवस्थामा मजदुरहरुले थप अधिकारका लागि संघर्ष गर्ने माहोल बन्दै गएको छ।

निरंकुश शासनकालमा मजदुरहरुले आफ्ना माग सुनाउन पनि सक्ने अवस्था थिएन। नेपालका श्रमिकहरुले मे १ का दिन लड्दै आएको गौरवपूर्ण इतिहास छ। लोकतन्त्र पछि मे १ का दिन सार्वजनिक विदा दिने अवस्था मजदुरहरुले गरेको आन्दोलनको प्रतिफल हो। नेपालमा निरंकुशतन्त्रको अन्त्य भइ लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। नेपालमा विसं २००३ मा मजदुरहरूले विराटनगरको जुट मिलबाट सुरु गरेको मजदुर आन्दोलनले अन्ततः जहानियाँ राणाशासनलाई घुँडा टेकायो। २००७ सालको प्रजातन्त्र स्थापनापछि पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दा होस् या दश वर्षे सशस्त्र जनयुद्ध वा २०६२/०६३ को जनआन्दोलन गर्दा होस्, नेपालका सबै राजनीतिक परिवर्तनहरूमा नेपाली श्रमिकहरूले गरेको योगदान महत्त्वपूर्ण छ।

नेपालमा २०४६ सालपछि मात्र आफ्नो उचाइ लिएको ट्रेड युनियन आन्दोलनले २०७२ को संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि कानुनी रूपमा श्रमिकका आवाजहरू थप व्यवस्थित भएको देखिन्छ। उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले सुनिश्चित गरेको छ। प्रत्येक श्रमिकलाई श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने व्यवस्थालाई संविधानले आत्मसात् गरेको छ। श्रमिकका हक, हित र सुविधालाई व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न र श्रम शोषणका सबै अवशेषको अन्त्य गर्न श्रम ऐन, २०७४ जारी गरी लागूसमेत गरिएको छ।

श्रमिकको व्यावसायिक तथा पेसागत हक हितलाई संरक्षण र संवर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ। निजामती सेवा ऐन २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई कानुनी रूपमा थप संस्थागत गरेको छ। कर्मचारीहरूको पेसागत हक हित र सुरक्षाका लागि आधिकारिक ट्रेड युनियन खडा गरिएको छ। आइएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको छ। सरकारले सामाजिक सुरक्षा योजना कार्यान्वयन गरेको छ। यसमा सहभागी हुने श्रमिकले अब उप्रान्त औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत आर्थिक सहायता प्राप्त गर्नेछन्। यतिखेर देशको आर्थिक वृद्धिदर अपेक्षा गरेको भन्दा झन्डै पाँच प्रतिशतले घट्ने सरकारले अनुमान गरेको छ भने रोजगारी र जीविकामा परेको क्षति अभूतपूर्व हुने देखिन्छ। यसपालि अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइरहदा विश्वभरिका मजदुरहरूले रोजगारी गुमाउने,महंगीको मार खेप्नुपरेको छ। मजदुर मध्ये पनि सङ्गठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने दैनिक ज्यालादारी, निर्माण क्षेत्रका श्रमिक तथा साना व्यापारमा समाहित कामदारहरू सबैभन्दा धेरै मर्कामा पर्ने देखिएको छ।

आइएलओको आँकडाअनुसार विश्वका डेढ अर्बभन्दा धेरै त्यस्ता मजदुरको रोजगारी जोखिममा परेको छ। कुनै वैकल्पिक आम्दानीको अभावमा यी मजदुर र तिनका परिवारको जीविका सङ्कटमा पर्नेछ। नेपालमा पनि लाखौँ मानिस सङ्गठित क्षेत्रमा काम गर्छन्। सकेसम्म त्यस्ता श्रमिकलाई सरकारी काममा लगाएर राहतस्वरूप पैसा र खाद्यान्न दिएर सहयोग गरिने निर्णय गरिएको भनिन्छ। विश्वमा त्यस्ता धेरै श्रमिक छन् जो साँझ खान र बस्नको निमित्त मात्रै आफ्नो भरदिन श्रममा खर्चिरहेका हुन्छन्। यही चुनौतीपूर्ण परिस्थिति आज नेपालले पनि व्यहोरिरहेको छ। महामारीलाई परास्त गर्ने उच्च मनोबलसहितक सुरक्षाको वातावरण आवश्यक छ। सामाजिक सुरक्षा कार्यक्रम, कर्मचारीको पारिश्रमिक वृद्धि सबै श्रमको सम्मान हो। असंगठित क्षेत्रका मजदुरको स्वास्थ्य र सुरक्षामा ध्यान दिनुपर्छ।चुनावको बेला मजदुरको कुरा गर्नेछ कार्यान्वयन नगर्ने राजनीतिक शक्तिलाई चिनेर मजदुरको हितमा काम गर्नेछ श्रमको सम्मान गर्ने संस्कृति निर्माणमा लाग्नेलाई मतदान गर्ने वातावरण बनाउनुपर्छ।नेपालको अर्थतन्त्र विदेशमा काम गर्नेछ श्रमिकले पठाएको रेमिट्यान्सले योगदान पुऱ्याएको छातिनको कारण देश जेनतेन चलेको छ।उनीहरूले भोट हाल्न पाउने कानुन बनाउन सकेमा श्रमिकको सम्मान र श्रममा विश्वास गर्ने प्रतिनिधि चुनिने छन।श्रमिक दिवसले सबैलाई यश विषयमा सोच्न प्रेरित गरोस् शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : मन चञ्चल |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# क्यालेन्डर लोकार्पण एवम् शुभकामना आदान प्रदान

पोखरापत्र संवाददाता
पोखरा, १७ बैशाख

कस्केली अधिकृत समाजले समाजद्वारा तयार गरेको नयाँ वर्ष २०७९ को क्यालेन्डर लोकार्पण एवम् शुभकामना आदानप्रदान एक कार्यक्रमका बीच शनिबार सम्पन्न गरेको छ।



पोखराको मौलिकता झल्कने किसिमका तस्वीर सहितको क्यालेन्डर कार्यक्रमका सभापति एवम् समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदी, सल्लाहकारहरू दुर्गाबहादुर शाह बाबा, प्रेमप्रकाश गौतम, विष्णुप्रसाद बराल, विश्वनाथ पराजुली, कर्मचारी मिलन केन्द्रका अध्यक्ष केदार बराल लगायतले सामुहिक रुपमा लोकार्पण गर्नुभयो। कार्यक्रममा समाजका अध्यक्ष सुवेदीले नयाँ वर्षले सबैमा सुख शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभयो। विभिन्न रचनात्मक कार्यक्रमका साथ समाजका गतिविधि अघि बढाउने बताउँदै उहाँले त्यसका लागि सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो। समाजका निवर्तमान अध्यक्ष एवम् सल्लाहकार दुर्गाबहादुर शाह(बाबा)ले नयाँ वर्षले प्रत्येक नेपालीमा सुख शान्ति ल्याउने र महामारीजन्य प्रकोपहरू अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो।

समाजका सचिव महेश पौडेलको सञ्चालन एवम् उपाध्यक्ष लोकनाथ दवाडीले स्वागत गर्नुभएको कार्यक्रममा सल्लाहकारहरू कृष्णकान्त सिग्देल, डा.दीर्घनाथ ढुङ्गाना, भगवान पन्त, प्रेमप्रकाश गौतम, विष्णुप्रसाद बराल, विश्वनाथ पराजुली, डा. कालु शर्मा सहित सहभागीले नयाँ वर्षले समाजमा र राष्ट्रमा नयाँ उमंग ल्याउने विश्वास व्यक्त गर्दै शुभकामना व्यक्त गर्नुभएको थियो।

उक्त अवसरमा जिल्ला समन्वय अधिकारी नवराज बराल र रुपा गाउँपालिकाका शाखा अधिकृत लोकनाथ पौडेललाई समाजको आजीवन सदस्यता प्रदान गरिएको थियो।

# एमाले वडा नं-१५ को ¥याली, बानियाँले भने-'हामीले चुनाव जितिसक्यौं'

पोखरापत्र संवाददाता
पोखरा, १७ बैशाख

नेकपा एमाले वडा नं -१५ को विशाल ¥याली शनिबार सम्पन्न भएको छ। बिहान ९ बजे पार्टी कार्यालय कोलपाटनबाट शुरु भएको ¥यालीमा सयौं कार्यकर्ता तथा समर्थकको सहभागीता रहेको थियो। वडाका पाँचै उम्मेद्वारसहितको उक्त ¥यालीलाई वडावासीले हार्दिकताका साथ स्वागत गरेका थिए।



उम्मेद्वारहरुले वडावासी लाई सूर्य चिन्हमा भोट गर्न आग्रह गर्दा भोटको लागि निर्धक्क हुन भन्दै जीतको अग्रिम शुभकामना दिएका थिए। त्यस्तै कतिपय स्थानमा भोट माग्दा वृद्ध आमाबुवाले उम्मेदवारहरुलाई धेरै मत पाएर बिजयी हुनु भन्दै आशिर्वाद दिएका थिए।

¥याली लक्ष्मीटोलहुँदै बिरेन्द्र चोकको परिक्रमा गरेर कालिकाचोक, रामबजार, चोरसाँघु, नयाँगाउँ, बनक्याम्पस, टुटुङ्गा, गलेश्वर, सानिपाटन, फलेपाटन हुँदै पुनः पार्टी कार्यालयमा आएर कोण सभामा परिणत भएको थियो। ¥यालीमा स्थानीय समाजसेवी, आमा समूह तथा टोल सुधार समिति, युवा क्लब लगायत राजनीति दलको सहभागीता रहेको थियो।

कोण सभालाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि, वडा - नं १५ का वडा अध्यक्ष तथा इन्चार्ज प्रकाश पौडेलले समग्र देश तथा वडाको विकास र परिवर्तन नेकपा एमालेका उम्मेद्वारबाट मात्र सम्भव रहेको बताए। उनले वडाका आमाबाबु तथा दाजुभाई दिदीबहिनीले आसन्न निर्वाचनमा नेकपा एमालेले बिजय प्राप्त गर्नेछन् भनेर वचन र आशिर्वाद दिएको बताउँदै पाँच वर्ष अगाडिको निर्वाचनमा वडावासीले नेकपा एमालेलाई निर्वाचित गराएपछि थुप्रै विकास निर्माणका कार्यहरु सम्पन्न गरेको दाबी गरे। "तस्बिर आफै बोल्छ, हामीले भनिरहनु पर्दैन, धेरै कामहरु गरेका छौं, अब पनि वडा नं -१५ लाई हाम्रो वडा र राम्रो वडा बनाउन हाम्रा उम्मेद्वारहरुलाई भारी मतले जिताउनेछौं" उनले भने। यस्तै कोण सभालाई सम्बोधन गर्दै वडा अध्यक्ष पदका प्रत्यासी तोरण बहादुर बानियाँले आजको बृहत ¥यालीबाट चुनाव जितिसकेको दाबी गर्दै ३० गते मतदान गरेर मतपेटिकाबाट सूर्य -सूर्य मात्र निकाल्न बाँकी रहेको बताए। उनले प्रचण्ड घाममा समर्थकको उत्साहजनक सहभागीता देख्दा हौसला र भरोसा मिलेको भन्दै आसन्न निर्वाचनका लागि आफ्नो टोल-टोलमा बफादार सिपाहीको रुपमा खटिएर मतदाताहरुलाई मतदाता शिक्षा दिनुका साथै सात छाप, सात सूर्यमा मतदानका लागि प्रोत्साहित गर्न आग्रह गरे। उनले स्वच्छ छबि, मन वचन र ईमान्दारिताका साथ आफ्नो वडालाई राम्रो बनाउने अभियानमा लाग्न सबैलाई अनुरोध गरे। यस्तै वृहत ¥यालीका सभाध्यक्ष तथा वडा नं -१५ का अध्यक्ष खेम बहादुर थापाले २०५४ सालदेखि वडामा नेकपा एमालेले जीत हासिल गरेको भन्दै आजको विशाल ¥यालीमा उपस्थित जनलहरले अपवित्र गठबन्धनलाई थप्पड हानेको प्रतिक्रिया दिए। उनले यसरी नै सक्रिय रहेर बैशाख ३० गते सूर्यमा मतदान गरी सबै उम्मेद्वारलाई बिजयी गराउन आग्रह गरे।

# स्याङ्जामा ९२ जनाले फिर्ता लिए उम्मेदवारी

पोखरापत्र संवाददाता
स्याङ्जा, १७ बैशाख

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दर्ता गराएकामध्ये ९२ जनाले फिर्ता लिएका छन्।

पाँच नगरपालिका र छ गाउँपालिकामा ५०७ स्थानीय जनप्रतिनिधिका लागि एक हजार ५४७ ले उम्मेदवारी दर्ता गराएकामध्ये ९२ ले फिर्ता लिएका हुन्। निर्वाचनको कार्यतालिका अनुसार शुक्रबार साँझ ५ बजेसम्म उम्मेदवारी फिर्ता लिने समय तोकेसँगै प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य गरी कूल ९२ ले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृत वसन्तराज पौडेलले जानकारी दिनुभयो। प्रमुख/अध्यक्षमा १४, उपप्रमुख/उपाध्यक्षमा तीन, वडाध्यक्षमा २० र खुला, महिला र दलित सदस्यमा गरी विभिन्न राजनीतिक दल तथा स्वतन्त्रबाट ५५ ले उम्मेदवारी फिर्ता लिएका हुन्। वालिङ नगर प्रमुखमा दुई, उपप्रमुखमा एक, वडाध्यक्षमा छ र सदस्यमा १३ गरी कूल २२ ले उम्मेदवारी फिर्ता लिएको वालिङ नगरका निर्वाचन अधिकृत उदवीर नेपालीले जानकारी दिनुभयो।

त्यस्तै पुतलीबजार नगर प्रमुखमा तीन, वडाध्यक्षमा छ र अन्य सदस्यमा नौ गरी १८, गल्याङ नगर प्रमुखमा एक, वडाध्यक्षमा दुई र महिला सदस्य एक गरी चारले उम्मेदवारी फिर्ता लिएका हुन्। चापाकोट नगर प्रमुखमा दुई, उपप्रमुखमा एक, सदस्यमा दुई गरी चार, भिरकोट नगर प्रमुखमा एक, उपप्रमुखमा एक, वडाध्यक्षमा तीन, सदस्यमा छ गरी ११ ले फिर्ता लिएको जनाइएको छ। आँधीखोला गाउँपालिकाको अध्यक्षमा दुई, वडाध्यक्षमा एक, खुला सदस्य दुई र महिला सदस्य दुई गरी सातले उम्मेदवारी फिर्ता लिएका छन् भने बिरुवा गाउँपालिकामा एक राप्रपाका खुला सदस्यले उम्मेदवारी फिर्ता लिनुभएको छ। फेदीखोला गाउँपालिकाको अध्यक्षमा एक, वडाध्यक्षमा दुई गरी तीनले उम्मेदवारी फिर्ता लिनुभएको हो। अर्जुनचौपारी गाउँपालिकाका अध्यक्षमा एक महिला र एक पुरुष गरी दुई र एक महिला सदस्य गरी तीनले उम्मेदवारी फिर्ता लिनुभएको हो। जिल्लाको कालीगण्डकी र हरिनाश गाउँपालिकामा भने कुनै पनि उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छैनन्।

# नि:शुल्क मुटुरोग शिविरबाट एक हजार ५०० लाभान्वित

पोखरापत्र संवाददाता
म्याग्दी, १७ बैशाख

म्याग्दीको बेनीमा शनिबार सम्पन्न निःशुल्क मुटुरोग उपचार शिविरबाट एक हजार ५०० जना लाभान्वित भएका छन्।

काठमाडौँको सेभ द हार्ट, म्याग्दीको ओमकुमारी शान्ति कोष, म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) कतार र इशा फाउण्डेशनले बेनी अस्पतालमा आयोजना गरेको शिविर दुई दिनसम्म सञ्चालन भएको थियो।

शिविरका संयोजक हरिकृष्ण गौतमले शिविरमा म्याग्दी, बागलुङ, पर्वत, मुस्ताङ जिल्लाका एक हजार ५०५ जनाले सेवा लिएका जानकारी दिनुभयो। आठ सय ६३ को मुटुको इसिजी, ६०० जनाको इको गरिएको थियो। शल्यक्रिया गर्नुपर्ने ४९ बिरामी पहिचान भएका छन्। एक चालिस जनाको तत्कालै शल्यक्रिया गर्नुपर्ने चिकित्सकले सुझाएका छन्। चार बच्चा र अन्य १६ जनालाई सेभ द हार्टले काठमाडौँमा निःशुल्क शल्यक्रियाका लागि सिफारिस गरिएको आयोजकले जनाएका छन्। वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराई नेतृत्वमा काठमाडौँबाट आएका ४० चिकित्सक र बेनी अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा दिनुभएको थियो। स्वास्थ्य परीक्षण र परामर्शका साथै निःशुल्क औषधि वितरणसम्बन्धी सेवा पनि दिइएको थियो। शिविरको समापनका क्रममा चिकित्सक भट्टराईले बालबालिकामा पनि मुटुरोगको समस्या देखिन थालेकाले सचेत रहनुपर्ने बताउनुभयो। सेभ द हार्टले देशव्यापीरूपमा शिविर सञ्चालन गर्दै आएको बताउनुभयो। म्याग्दीसहित २३ वटा जिल्लामा विभिन्न समयमा आयोजना गरिएका ९५ वटा शिविर हालसम्म करिब ९६ हजार मुटुरोगीको परीक्षण गरिएको डा भट्टराईले बताउनुभयो। उहाँका अनुसार शिविरमा हालसम्म करिब एक हजार ३०० बिरामीको ओपनहार्ट सर्जरी गरिएको छ भने बाँकी बिरामी निरन्तर सम्पर्कमा रहेर मुटु जाँच गराइरहेका छन्।

शिविरका संयोजक गौतमले हालैमात्र आफ्नो सानो छोराको मुटुसम्बन्धी रोगको डा भट्टराईकै टिमले सफल उपचार गरेकामा धन्यवाद प्रकट गर्दै गौतमले जिल्लामा रहेका थुप्रै मुटुरोगीको सहजताका लागि सेभ द हार्टको टिमलाई अनुरोध गरेर बेनीमा शिविरको आयोजना गरिएको बताउनुभयो। शिविरको सहआयोजक ओमकुमारी शान्ति कोषका अध्यक्ष राजेश शाक्यले विसं २०७१ मा स्थापना भएको कोषले हालसम्म २४९ बिरामीको उपचारमा सघाएको जानकारी दिनुभयो। रु एक करोड तीन लाखको अक्षयकोष रहेको कोषले आफ्नो ब्याज र अभियानबाट हालसम्म रु दुई करोड ५३ लाख १९ हजार १२९ बिरामीको उपचार तथा विपद्को समयमा सहयोग गरेको शाक्यले बताउनुभयो।

# म्याग्दीमा ४१ जनाले उम्मेदवारी फिर्ता लिए

पोखरापत्र संवाददाता
म्याग्दी, १७ बैशाख

आसन्न स्थानीय तह निर्वाचनका लागि मनोनयन दर्ता गराएका म्याग्दीका ४१ जनाले शुक्रबार उम्मेदवारी फिर्ता गरेका छन्।

म्याग्दीका छवटा स्थानीय तह र ४५ वटा वडामा वैशाख ३० गते हुने चुनावका लागि वैशाख ११ र १२ गते ७५९ जनाले मनोनयन दर्ता गराएका थिए। निर्वाचन आयोगको कार्यतालिका अनुसार मनोनयन दर्ता गराएकामध्ये विभिन्न पदका ४१ ले फिर्ता लिएका जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले बताउनुभयो। उहाँका अनुसार जिल्लाभर कूल उम्मेदवारको सङ्ख्या ७१८ जना कायम भएको छ। अध्यक्ष/प्रमुखमा तीन, उपाध्यक्ष/उपप्रमुखमा पाँच, वडा अध्यक्षमा ११, महिला सदस्यमा पाँच, दलित महिला सदस्यमा चार र खुल्ला सदस्यमा १३ जनाको उम्मेदवारी फिर्ता भएको कार्यालयले जनाएको छ।

बेनी नगरपालिकामा २३, धौलागिरि गाउँपालिकामा पाँच, मङ्गला गाउँपालिकामा सात र रघुगङ्गा गाउँपालिकामा छ जनाले उम्मेदवारी फिर्ता गरेका हुन्। अन्नपूर्ण र मालिका गाउँपालिकामा कसैले पनि उम्मेदवारी फिर्ता गरेनन्। जिल्लाभर पालिका अध्यक्ष/प्रमुखमा २९, उपाध्यक्ष/उपप्रमुखमा २३, वडाध्यक्षमा १४९, सदस्यमा २७५, महिला सदस्यमा १२५ र दलित महिला सदस्यमा ११७ जनाको उम्मेदवारी कायम भएको छ।

धौलागिरि गाउँपालिकाको वडा नम्बर १ गुर्जाको वडा अध्यक्ष र सदस्यमा उम्मेदवारी दिएका तीन जनाले उम्मेदवारी फिर्ता लिएपछि सबै पदमा कांग्रेस-माओवादी गठबन्धनका उम्मेदवार निर्विरोध निर्वाचित भएका छन्।

यसैगरी बेनी नगरपालिकामा माओवादीले नगरप्रमुख र कांग्रेसले उपप्रमुखको उम्मेदवारी फिर्ता गरेर चुनावी तालमेल गर्ने सहमति गरेका छन्। सत्ता साझेदार पाँच दलीय गठबन्धनमा आबद्ध नेकपा एकीकृत समाजवादी पार्टीले धवलागिरी गाउँपालिकाबाहेक सबै स्थानीय तहमा दर्ता गराएको उम्मेदवारी फिर्ता गरेको छ।


## आवश्यकता

यस आमाघर पाठशाला (शैक्षिक गुठी पोखरा-२२, पुम्दीभुम्दी कास्कीका लागि एक दक्ष अनुभवी शिक्षक/शिक्षिका आवश्यकता भएकाले इच्छुक व्यक्तिबाट दरखास्त आव्हान गरिन्छ।

१, संख्या : २ जना
२, तहः आधारभूत संख्या १ / प्रि प्राइमरी संख्या १ जम्मा २ जना
३, शैक्षिक योग्यताः आधारभूत तहको लागि स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने। अनुभवीलाई विशेष प्राथमिकता दिइने छ। प्रि प्राइमरीको लागि न्यूनतम १२ उत्तीर्ण गरि मन्टेश्वरी तालिम प्राप्त हुनुपर्ने ।
४, छनौट प्रक्रियाः लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन।
५, सेवा सुविधाः विद्यालयको नियमानुसार आकर्षक हुनेछ।
६, पेश गर्नुपर्ने कागजातः हस्तलिखित निवेदन, शैक्षिक प्रमाणपत्रको फोटोकपी, अनुभवको प्रमाणपत्र, नेपाली नागरिकताको फोटोकपी, तालिमका प्रमाणपत्रको फोटोकपी र व्यक्तिगत विवरण संलग्न हुनुपर्ने।
७, दरखास्त दिने मितिः २०७९/०१/१९ देखि २०७९/०१/२५ सम्म समयः विहान ११:०० बजेदेखि २:०० बजेसम्म (सार्वजनिक विदाको दिन विद्यालय वन्द रहनेछ।)

**स्थानः आमाघर पाठशाला**
**पोखरा-२२, पुम्दीभुम्दी, कास्की**

# समुन्नत पोखराका सात सङ्कल्पसहित चुनावमा होमियो गठबन्धन

–वासुदेव पौडेल/कृष्ण दवाडी
गण्डकी, १७ बैशाख (रासस)

स्थानीय निर्वाचनका लागि संयुक्तरुपमा निर्वाचनमा होमिएका पाँच दलीय गठबन्धन यतिखेर समुन्नत पोखराका सात प्रस्थान बिन्दु तय गर्दै चुनावी अभियानमा जुटेको छ।

'समुन्नत पोखराको आधारः सबल अर्थतन्त्र र पूर्वाधार' भन्ने मूल उद्देश्यका साथ शिक्षित, सभ्य तथा मर्यादित महानगरवासी, सुरक्षित र न्यायपूर्ण समाज, स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशासन र जवाफदेहिता, स्रोतको समुचित व्यवस्थापन, प्रविधिमैत्री सेवा प्रवाह समुन्नत पोखराका प्रमुख प्रस्थान बिन्दुका रुपमा रहेको गठबन्धनको घोषणापत्रमा उल्लेख छ। शिक्षा, स्वास्थ्य, उद्यमशीलता, रोजगार तथा मानवसंशाधन विकास, पूर्वाधार, पर्यटन, खेलकुद, शहरी स्वच्छता, नगरको सुशासन, कृषि प्राथमिकतामा रहेको बताउँदै पोखरा महानगरमा गठबन्धनका तर्फबाट प्रमुख पदका उम्मेदवार धनराज आचार्यले घोषणापत्रको शब्द-शब्दप्रति आफू उत्तरदायी भएको बताउनुभयो। गठबन्धनले पूर्वाधार निर्माणलाई प्रमुख प्राथमिकतामा राख्दै विभिन्न महत्वकाङ्क्षी योजना अघि सारेको छ। फेवातालदेखि बेगनासताल जोड्ने मेट्रोको अवधारणा, पोखरा चक्रपथको निर्माणसँगै मध्य पहाडी र सिद्धार्थ राजमार्ग जोड्ने बाइपास सडक, सेती नदीको सौन्दर्यीकरण, प्राचीन पोखराको संरक्षण, ल्याान्डफिडसाइट व्यवस्थापन, बसपार्क निर्माणलगायतका विषय घोषणापत्रमा समेटिएको छ। महानगरमा गरिब, मध्यम वर्ग र उच्च वर्गको वर्गीकरण गरी सहुलियत कार्ड बनाइने गरिने घोषणपत्रमा भनिएको छ।

फेवा तालबाट १० किलोमिटर दूरीमा रहेको बेगनाश तालमा मेट्रो चलाउन सकिने बताउँदै आचार्यले यस कामका लागि आफ्नो घर आफ्नो शहर आफैं बनाउँ भन्दै अघि बढ्ने धारणा व्यक्त गर्नुभयो। मेट्रोसहित पोखराको समृद्धिका योजना सफल बनाउन विदेशिएको जनशक्तिलाई ज्ञान, सीप र पैसा लिएर आउनसमेत आग्रह गरिने उहाँको भनाइ छ।

न्यून ब्याजदरमा रकम दिने संस्थासँगको सहकार्यका माध्यमबाट आर्थिक सहयोग जुटाउनुका साथै पोखरा विकास प्राधिकरण गठन गरी पोखरावासीलाई लगानीका लागि प्रोत्साहित गर्ने योजना उहाँले सुनाउनुभयो। ल्याण्डफिलसाइट नसारेसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चल्न नसक्ने र त्यसका लागि आवश्यक अध्ययनसमेत भइसकेका अवस्थामा फोहरलाई मोहरमा परिणत गर्ने योजना ल्याउनुपर्नेमा गठबन्धनले जोड दिएको छ। पोखराको ढल फेवातालमा मिसाएर विगतका जनप्रतिनिधिले गल्ती गरेको उल्लेख गर्दै आचार्यले त्यसलाई सुधारेर बाइपास ढल बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै द्रुत मार्ग निर्माण गर्नुपर्ने उल्लेख गर्दै घोषणापत्रमा मुस्ताङचोकदेखि कोत्रेसम्म द्रुत मार्ग बनाउने योजना अघि सारिएको छ। प्राचीन पोखराको मौलिकता समेतलाई जोगाउँदै यहाँको पर्यावरणलाई जोड दिने र पोखराको बीचभागबाट बग्ने सेती नदी वरपरको क्षेत्रलाई सुन्दर बनाउनुका साथै पोखरामा रहेका रत्नमन्दिर, हिमा गृह र शान्ति वन बाटिका जस्ता स्थललाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरिने आचार्यले बताउनुभयो।

लामो समयदेखि चर्चामा रहेर पनि कार्यान्वयनमा आउन नसकेको पोखरा चक्रपथको अवधारणालाई कार्यान्वयनमा ल्याउने र यसलाई मध्यपहाडी र सिद्धार्थ राजमार्गसँग जोड्दै बाइपासका रुपमा प्रयोग गर्न सकिने आचार्यको भनाइ छ। योसँगै मध्यपहाडी लोकमार्ग र सिदार्थ राजमार्गको बाइपासले पोखरा बजारभित्रको सवारी साधनको चाप न्यून गर्ने उहाँले बताउनुभयो।

सडक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको गठबन्धनले पोखराको सडक अझै पनि ६० ९ किलोमिटर सडकखण्ड धुलो भएको जनाएको छ। पोखरामा ६३४ किलोमिटर कालोपत्र सडक रहेको उल्लेख गर्दै घोषणपत्रमा ११० किलोमिटर कङ्क्रिट, आठ किलोमिटर मिश्रित र १०३ किलोमिटर ग्राभले सडकखण्ड रहेको जनाइएको छ।

आगामी पाँच वर्षभित्र एक हजार ५३५ किलोमिटर सडकखण्ड कालोपत्र गर्ने योजना उहाँले जानकारी गराउनुभयो। समुन्नत पोखराका लागि जनताका अपेक्षालाईव्यवहारमाउतार्नेगरीआफू गठबन्धनका तर्फबाट उपप्रमुखको उम्मेदवार कोपिला रानाभाटले बताउनुभयो। आर्थिक सुशासन आफूहरूको पहिलो प्राथमिकतामा रहेको बताउँदै रानाभाटले भन्नुभयो, "मलाई राजनीतिमा धन कमाउनु छैन, अनियमितता गर्ने छुट कसैलाई दिन्न, दिने छैन।" न्यायिक समितिलाई प्रभावकारी बनाउनुका साथै विकास निर्माणको अनुगमनलाई प्रभावकारी बनाउने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो। न्यायिक समितिमा आएमा मुद्दालाई त्यही टुङ्ग्याउने वातावरण तयार गर्ने र अदालतसम्म जाने अवस्थाको अन्त्य गर्ने उहाँको भनाइ छ। महानगर भएर पनि यहाँका ग्रामीण क्षेत्र महानगरस्तरका बन्न नसकेको वास्तविकताउल्लेखगर्दैगठबन्धनको घोषणपत्रमा महानगरको अनुभूति हुने किसिमले विकास गतिविधि अघि बढाउनेमा जोड दिएको छ। 'स्याटलाइट टाउन', व्यस्त सडक तथा चोकमा आकासे पुल तथा अन्डरपास/बाइपास, अन्तर्राष्ट्रिय सभाहल निर्माण लगायतका विषय घोषणपत्रमा समेटिएका छन्।

# पोखरामा गार्डेन मार्ट डिपार्टमेन्ट स्टोरको शुभारम्भ

पोखरापत्र संवाददाता
पोखरा, १७ बैशाख




शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित गार्डेन मार्ट डिपार्टमेन्ट स्टोरको १७ औं शाखा पोखराको चाउथेमा शनिबारदेखि शुभारम्भ भएको छ।

शनिबार मातातीर्थ औंसीको दिनमा पोखरा उद्योग वाणिज्य संघका प्रथम वरिष्ठ उपाध्यक्ष पवन प्रजापतिले डिपार्टमेन्ट स्टोरको उद्‌घाटन गर्नुभएको हो। भक्तपुरमा मुख्य कार्यालय रहेको यस सहकारीले देशको ३९ वटा जिल्लामा आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ। डिमार्टमेन्ट स्टोरको उद्‌घाटन गर्दै प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका प्रथम वरिष्ठ उपाध्यक्ष प्रजापतिले १७ औंबाट १७ सय वटा शाखा खोल्ने लक्ष्य पुरा होस् भन्दै युवाहरुलाई स्वदेश मैं रोजगारी प्रदान गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै खुशी व्यक्त गर्नुभयो।

त्यसैगरी, शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष सुशिल बानियाले पाँच वर्ष भित्रमा पाँचसय डिपार्टमेन्टल स्टोर्स देशभरी खोल्ने र युवाहरुलाई प्रमुख प्राथमिकताका साथ रोजगारी दिने दावी गर्नुभयो। उहाँले भन्नुभयो-'अहिले पनि यस सहकारीले सातसय भन्दा बढि युवायुवतीलाई स्वदेशमा नै रोजगारीको व्यवस्था गरेको छ भने सर्वसाधारण जनतालाई सुपथ र सुलभ तरिकाले दैनिक आवश्यक सामाग्रीहरु उपलब्ध गराउँदै आईरहेको छ।'

कार्यक्रममा कास्की जिल्ला कैं सबैभन्दा ज्येष्ठ ११२ वर्षकी वृद्ध आमा गौरी आचार्यलाई वरिष्ठ अतिथिको रुपमा निमन्त्रणा गरेर सम्मान गरिएको थियो। वि.सं. १९६६ चैत महिनामा कास्कीको धितालमा जन्मनु भएकी वृद्ध आमालाई शिखर अर्गनाईजेसन लि.का उपाध्यक्ष गीता शर्मा र प्रमुख अतिथि प्रजापतिले सम्मान गर्नुभएको थियो।

कार्यक्रममा उपकार मिडिया हाउस, टेक्नोडाउन प्रा.लि., डिजिटल शिखर कम्पनीका अध्यक्ष कल्स शर्मालाई पनि मायाको चिनो प्रदान गरिएको थियो। कार्यक्रममा डिपार्टमेन्टल स्टोर्सकी कर्मचारी सुशिला न्यौपानेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

# आमाप्रति सम्मानभाव प्रकट गर्दै मनाइयो आमाको मुख हेर्ने पर्व

रासस
काठमाडौं, १७ बैशाख

नौ महिनासम्म कोखमा राखेर जन्मदिने आमाप्रति श्रद्धाभाव प्रकट गर्दै मातृ सम्मान दिवस अर्थात् आमाको मुख हेर्ने पर्व देशभर मनाइएको छ।

प्रत्येक वर्ष वैशाखकृष्ण पक्ष औंसीका दिनमा जन्मदाता आमालाई सम्मान गरी मनाइने आमाको मुख हेर्ने पर्व शनिबार देशभर आमालाई मीठा-मीठा खानेकुरा खान दिई श्रद्धा भक्तिसाथ मनाइएको हो। शास्त्रमा उपाध्याय (पण्डित), आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उनबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइन्छ।

छोराछोरीले शनिबार बिहानै उठी नुहाएर आफ्नी आमालाई राम्रा-राम्रा लुगा लगाउने र मीठा-मीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ। आमा नभएकाहरू भने आमालाई तर्पण र पिण्ड तथा पुरोहितलाई सिदादानसहित भोजन गराई दिवङ्गत आमा र उनले गरेका महान् एवं कष्टकर काम सम्झने गर्दछन्। जन्मदाता, कर्मदाता, शिक्षादातालगायत विभिन्न रूपका आमाप्रति श्रद्धा भक्तिसाथ यो पर्व मनाइएको छ।

शास्त्रमा प्रत्येक नरनारीले जीवनमा देवऋण, मनुष्यऋण र पितृऋण तिर्नैपर्छ भनिएको छ। वैदिक सनातन धर्मग्रन्थमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात् जन्मदिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन् भनी आमा र जन्मभूमिको महत्व दर्शाइएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो। वैदिक ग्रन्थमा 'परदारेषु मातृवत्' अर्थात् अरुकी श्रीमतीलाई पनि आमाकै रूपमा सम्मान गर्नुपर्छ भनी उल्लेख गरिएको छ।

सन्तानलाई नौ महिनासम्म गर्भमा धारण गरी जीवन दिने भएकाले जन्मदाता आमाको महत्व अरुभन्दा बढी छ। बाबुभन्दा आमाको महत्व हजार गुणा बढी हुने भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पनि उहाँले सुनाउनुभयो। यस्तो महत्व भएकाले जीवित आमालाई मीठो खान र राम्रो लगाउन दिएर सम्मान गरी खुसी बनाइन्छ।

दिवङ्गत आमाका नाममा श्रद्धा भक्तिसाथ तर्पण, पिण्डदान र सिदादान गरिन्छ। वैशाखकृष्ण औंसीका दिन दिवङ्गत आमाले आश गर्ने भएकाले तर्पण, पिण्डदान र सिदादानसहित श्राद्ध गरे खुसी भई आशीर्वाद दिने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् गौतमले बताउनुभयो। विगत दुई वर्षका आमाको मुख हेर्ने औंसीमा कोरोना महामारीका कारण आमा भएका स्थानसम्म पुग्न नसक्ने छोराछोरीले यसपटक भने ढुक्कसँग यो पर्व मनाएका छन्। विगत दुई वर्षमा फोन, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट श्रद्धा एवं सम्मान प्रकट गरी यो पर्व मनाउन छोरा छोरी बाध्य भएका थिए। यस अवसरमा चन्द्रागिरि नगरपालिकास्थित मातातीर्थमा मेला लाग्ने गर्छ। यस वर्ष कोरोना कम भएकाले मातातीर्थमा भव्य मेला लागेको छ। मेला भर्न शुक्रबार बेलुकीदेखि नै भक्तजन मातातीर्थ आएका थिए। विसं २०७७ र २०७८ को मातातीर्थ औंसीमा मेला स्थगन गरिएको थियो।

# पोखरा १० सुनकोसी टोल बासीले भने अवको विकल्प एमाले

पोखरापत्र संवाददाता
पोखरा, १७ बैशाख



पोखरा १० सुनकोसी टोलबासीले वडामा अघिल्लो स्थानिय सरकारले जनताको हितमा काम गर्न नसकेको गुनासो गरेका छन। वडा भित्र ढल नालाको मुख्य समस्या भएको र विगत ५ वर्षदेखी वडा कार्यालयमा धाउदा पनि आफुहरुलाई वेवास्ता गरेको उनीहरुको भनाइ रहेको थियो। सुनकोसी टोल बासीले शनिवार नेकपा एमाले वडा नम्बर १० का उमेदवारहरुलाई आफ्नो टोलमा बोलाएर आफ्नो गुनासो पोख्ने क्रममा उक्त कुरा वताएका हुन।

सो अवसरमा वोल्दै सुनकोसी टोल बिकास संस्थाका अध्यक्ष सूर्य रानाले टोल भएर बग्ने नहर कुलोमाथी जाली राख्नका लागी वडा संग पहल गर्दा कुनै चासो नदेखाएको वताए। घर बस्तीको अगाडिबाट बगेको नहर खुल्ला हुदा स्थानिय वालवालिका, वृद्धवृद्धाहरुलाई सुरक्षाको उच्च जोखिम हुने भएकाले आफुहरुले हरेक वर्ष वडामा जाली राख्नका लागी पहल गरेको भएतापनि कुनै सुनुवाई हुन नसकेको उनको भनाइ रहेको थियो। सुनकोसी टोल बिकास संस्थाकी सचिव दीपा थापा मगरले सुनकोसी टोलमा थ्रीफेस लाइन नहुदा कोरोना महामारीमा आफ्नो परिवारलाई अक्सिजन मेसिनबाट अक्सिजन दिन नसकेको गुनासो पोख्दै अव चुनिने जनप्रतिनिधीले पहिलो प्राथमिकतामा वडाभित्र थ्री फेस लाईन जडानलाई राख्नुपर्ने वताइन। एमालेले वडामा महिला उमेदवारहरु ८० प्रतिशत उठाएर महिला समावेसिताको उच्चतम प्रयोग गरेकोमा प्रशंसा गर्दै उमेदवार हरुलाई कुनैपनि हालतमा जिताउन आफ्नो टोल लागि पर्ने वताइन।

त्यस्तै स्थानिय लक्ष्मण हुमागाइले आफ्नो घर अगाडि नालाको उचित प्रवन्ध नहुदा वर्षा याममा बाटोवाट भएर बग्ने नहरको पानी घरभित्र छिर्ने र आवतजावतमा समेत समस्या पार्ने भएकाले उक्त कार्यलाई अव आउने जनप्रतिनिधीले उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने वताए। देशैभरि एमालेको जनलहर र पार्टी प्रतिको विश्वास वढ्दै गएकोले सचेत मतदाताले एमालेका उमेदवारलाई जिताउन लागी पर्नुपर्ने उनको भनाइ रहेको थियो। लगातार तीन कार्यकाल यस वडामा नेपाली कांग्रेसबाट जनप्रतिनिधीहरु चुनिएर आएतापनि खासै जनताले महशुस गर्नेगरी कुनैपनि काम नगरेकोले यस पटक नेकपा एमालेका उमेदवारलाई जिताएर वडाको बिकासमा जोड दिन समेत स्थानियहरुले माग गरेका थिए। सो अवसरमा नेकपा एमालेका वडा अध्यक्षका उमेदवार पवित्रादेवी गुरुङले सुनकोसी टोलको समस्या आफुले नजिकबाट नियालेकाले पहिलो प्राथमिकतामा राखेर आफुले काम गर्ने वताइन। सो अवसरमा उमेदवार सदस्यहरु सीमा राई गुरुङ, शान्ति देवी परियार, शान्ति सुवेदी र कुमार थिङ तामाङ लगायतले आ आफ्नो प्रतिवद्धता जाहेर गरेका थिए।

निर्वाचन परिचालन मुल आयोजक कमिटिका संयोजक सूर्य बहादुर वानियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमाले पोखरा महानगर कमिटि सदस्य तथा वडाका इन्चार्ज लिलाधर अधिकारीले वोलेका थिएभने कार्यक्रमको सञ्चालन निर्वाचन परिचालन मुल आयोजक कमिटि प्रचार प्रसार उपसमिति संयोजक राजु श्रेष्ठले गरेका थिए।

# राप्रपा कास्कीको प्रवक्तामा अरुण गिरी

पोखरापत्र संवाददाता
पोखरा, १७ बैशाख

राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीले जिल्ला प्रवक्ताको रुपमा युवा नेता अरुण गिरीलाई नियुक्त गरेको छ। पार्टीको जिल्ला कमिटि बैठकले गिरीलाई प्रवक्ता नियुक्त गर्ने निर्णय गरेको हो।

बैठकपछि राप्रपा कास्कीका अध्यक्ष नारायण गुरुङले गिरीलाई जिल्ला प्रवक्ताको रुपमा सर्वसम्मतीले निर्णय भएको जानकारी दिए। पार्टीले अब जिल्लाको सम्पूर्ण खाले सूचना र जानकारीहरु प्रवक्तामार्फत दिईने पनि बैठकले निर्णय गरेको छ।

अध्यक्ष गुरुङले गिरीजस्तो युवालाई पार्टीको जिल्ला प्रवक्ता नियुक्त गर्न पाउँदा आफू पनि निकै खुशी भएको बताए। 'राप्रपा पुराना र बुढोहरुको पार्टी हो भन्ने आरोपलाई हाम्रो यो निर्णयले ठाडै अस्विकार गर्छ।' उनले भने-'वास्तवमा युवाहरुको सबैभन्दा नजिकको पार्टी नै राप्रपा हो।' उनले गिरीलाई युवा जोश र जाँगरसहित पार्टीको काममा जिम्मेवार भएर लाग्न शुभकामना समेत दिए।

लामो समयदेखि राप्रपासँग नजिक रहेका गिरी केहि दिन अगाडि मात्रै औपचारिक रुपमा राप्रपा प्रवेश गरेका थिए। राप्रपा केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनको हातबाट पार्टीको सदस्यता लिएका गिरीलाई कास्की जिल्ला प्रवक्ताको रुपमा पार्टीले अगाडि सारेको हो। संचारकर्ममा रहँदै आएका गिरीलाई प्रवक्ता बनाईसकेपछि पार्टी अझै बढि संचारमैत्री बन्ने विश्वास जिल्ला अध्यक्ष गुरुङले व्यक्त गरे।

प्रवक्ताको रुपमा नियुक्ति लिएसँगै राप्रपा नेता अरुण गिरीले पार्टीले आफूलाई गरेको भरोषाले थप जिम्मेवार बनाएको प्रतिक्रिया दिए। 'पार्टीले जुन विचार बोकेर अगाडि बढेको छ त्यसलाई सशक्त रुपमा स्थापित गर्ने मेरो लक्ष्य हुनेछ।' राप्रपा कास्कीको प्रवक्ता भैसकेपछि गिरीले भने-'राप्रपा लक्षित भ्रमहरु अन्य दल र वैचारिक संगठनहरुले जसरी नकारात्मक रुपमा फैलाईरहेका छन्। त्यो भ्रम चिर्नका लागि म सदैव लाग्नेछु। राप्रपा जनताको पार्टी हो र जनतालाई विकल्प दिन सक्ने पार्टी राप्रपा मात्रै हो भन्ने कुरा पुष्टी गर्ने गरि मैले काम गर्नेछु।'

त्यो बाहेक राप्रपा कास्कीको आधिकारीक धारणाहरु आफुले दिने उनले बताए। त्यस्तै आफू पनि युवा भएकोले पार्टीप्रति युवाहरुको आकर्षण बढाउने कुरामा आफ्ना ध्यान केन्द्रित हुने गिरीले बताए। साथै उनले आसन्न स्थानिय तहको निर्वाचनमा पार्टीको उम्मेदवार हरुलाई जिताउनका लागि आफू र आफ्नो टिम दत्तचित्त भएर लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१